# कविलासी नगरपालिका

## कविलासी, सर्लाही

## नगर कार्यपालिकाको बैठक पुस्तिका

बैठक संख्याः

बैठक मिति २०८३।०१।०९

मिति :२०८३।०१।०९

आज मिति २०८३ साल वैशाख ०९ गते बुधवार दिउँसोको ११:०० बजे कविलासी नगरपालिका, नगर कार्यपालिकाका प्रमुख श्री ब्रहमदेव रायज्यूको अध्यक्षता एवं निम्न पदाधिकारी र सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिति**

| सि.नं. | पद | पदाधिकारीको नाम, थर | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | प्रमुख/अध्यक्ष | श्री ब्रहमदेव राय | नगर कार्यपालिका | |
| २ | उपप्रमुख/का.पा.सदस्य | श्री पुनम कर्ण | नगर कार्यपालिका | |
| ३ | वडा अध्यक्ष/का.पा.सदस्य | श्री दिपलाल यादव | वडा नं. १ | |
| ४ | वडा अध्यक्ष/का.पा.सदस्य | श्री राम पुकार मण्डल | वडा नं. २ | |
| ५ | वडा अध्यक्ष/का.पा.सदस्य | श्री राम विश्वास राय | वडा नं. ३ | |
| ६ | वडा अध्यक्ष/का.पा.सदस्य | श्री गिरधारी राय | वडा नं. ४ | |
| ७ | वडा अध्यक्ष/का.पा.सदस्य | श्री सुरेन्द्र राय | वडा नं. ५ | |
| ८ | वडा अध्यक्ष/का.पा.सदस्य | श्री पुरुषोत्तम राय | वडा नं. ६ | |
| ९ | का.वा. वडा अध्यक्ष/का.पा.सदस्य | श्री ~~धर्मेन्द्र राय यादव~~ | वडा नं. ७ | |
| १० | वडा अध्यक्ष/का.पा.सदस्य | श्री बिरेन्द्र प्रसाद साह | वडा नं. ८ | |
| ११ | वडा अध्यक्ष/का.पा.सदस्य | श्री राम दिनेश राय | वडा नं. ९ | |
| १२ | वडा अध्यक्ष/का.पा.सदस्य | श्री संजय महतो | वडा नं. १० | |
| १३ | का.पा. सदस्य | श्री पानवती देवी मुखिया | नगर कार्यपालिका | |
| १४ | का.पा. सदस्य | श्री रिना कुमारी | नगर कार्यपालिका | |
| १५ | का.पा. सदस्य | श्री शोभा कुमारी | नगर कार्यपालिका | |
| १६ | का.पा. सदस्य | श्री निलम कुमारी | नगर कार्यपालिका | |
| १७ | का.पा. सदस्य | श्री ईंकु कुमारी | नगर कार्यपालिका | |
| १८ | का.पा. सदस्य | श्री राम एकवाल महतो | नगर कार्यपालिका | |
| १९ | का.पा. सदस्य | श्री विनय कुमार कर्ण | नगर कार्यपालिका | |
| २० | का.पा. सदस्य | श्री राम नारायण राउत | नगर कार्यपालिका | |
| २१ | प्रमुख प्रशासकीय अधिकृत/सदस्य सचिव | श्री मनहरि बराल | नगर कार्यपालिका | |

मिति :२०८३।०१।०९

**बैठकको प्रस्ताव :**

१. मधेश प्रदेश सरकार अर्थ मन्त्रालयमा आगामी आ.व.२०८३।०८४ को लागि सशर्त, समपुरक र विशेष अनुदान तर्फ आयोजना तथा कार्यक्रम प्रस्ताव सम्बन्धमा ।

२. सार्वजनिक जग्गा संरक्षण एवं अतिक्रमण नियन्त्रण सम्बन्धमा ।

३. मोलवी धोवीको नाममा दर्ता कायम रहेको जग्गा कविलासी न.पा.८ मा अवस्थित मदरसा समाजिक कल्याण संस्थालाई दान दिने सम्बन्धमा ।

## बैठकको निर्णय :

निर्णय नं. १: प्रस्ताव नं.१ मा उल्लेखित प्रस्ताव कार्यसूचीमा चढी निर्णयार्थ पेश हुँदा मधेश प्रदेश सरकार अर्थ मन्त्रालय, जनकपुरधामको प.सं.२०८२।८३ च.नं.५७४ मिति २०८२।१२।१२ को पत्रानुसार आगामी आर्थिक वर्ष २०८३।८४ का लागि स्थानीय तहमा उपलब्ध हुने सशर्त, समपुरक र विशेष अनुदान तर्फको आयोजना तथा कार्यक्रमको प्रस्ताव पेशको लागि माग भई आएकोमा तपसिलका योजना तथा कार्यक्रमहरु स्वीकृतीको लागि प्रस्ताव गर्ने निर्णय गरियो ।

तपसिल :

**सशर्त अनुदान तर्फको योजना तथा कार्यक्रम :**

| क्र.सं. | योजना तथा कार्यक्रमको नाम | स्थान | प्रस्तावित रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | नगरपालिका भवनको पश्चिम तर्फको खेल मैदानको लागि आवश्यक पूर्वाधार निर्माण | कविलासी न.पा.८ | २ करोड | |

**समपुरक अनुदान तर्फको योजना तथा कार्यक्रम :**

| क्र.सं. | योजना तथा कार्यक्रमको नाम | स्थान | प्रस्तावित रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | कविलासी नगरपालिका वडा नं.१ देखि १० सम्म कृषि विद्युतीकरण | न.पा. | १ करोड | |

**विशेष अनुदान तर्फको योजना तथा कार्यक्रम :**

| क्र.सं. | योजना तथा कार्यक्रमको नाम | स्थान | प्रस्तावित रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | कविलासी नगरपालिका वडा नं.१ देखि १० सम्म डिप बोरिङ्ग जडान | न.पा. | ५० लाख | |

मिति :२०८३।०१।०९

निर्णय नं. २: प्रस्ताव नं.२ मा उल्लेखित प्रस्ताव कार्यसूचीमा चढी निर्णयार्थ पेश हुँदा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२ चैत्र १३ को बैठकबाट शासकीय सुधार सम्बन्धी एक सय बुँदे कार्यसूचीको बुँदा नं.९२ मा "**सार्वजनिक जग्गाको संरक्षण तथा अतिक्रमण नियन्त्रण गर्न डिजिटल अभिलेख तयार गर्ने, निगरानी प्रणाली सुदृढ गर्ने तथा अवैध कब्जा हटाउने कार्य तत्काल प्रारम्भ गर्ने । नयाँ अतिक्रमणमा कडाइका साथ रोक लगाउने र अवैध कब्जा हटाउने अभियान सञ्चालन गर्ने ।**" सम्बन्धमा जिल्ला प्रशासन कार्यालय, सर्लाहीको प.सं.०८२।०८३ च.नं.७९४८ मिति २०८३।०१।०७ को पत्रबाट सार्वजनिक जग्गा संरक्षण एवं अतिक्रमण नियन्त्रण सम्बन्धमा भएको परिपत्र सम्बन्धमा यस पालिका अन्तर्गतका सार्वजनिक तथा अतिक्रमित जग्गाको विवरण नापी कार्यालय सर्लाही र भूमिसुधार तथा मालपोत कार्यालय सर्लाहीबाट विवरण माग गर्ने निर्णय गरियो । साथै यस पालिकामा कसैबाट सार्वजनिक जग्गा अतिक्रमित गरि बसोवास गरिरहेको छ भने सो जग्गा स्वस्फुर्त रुपमा खाली गर्ने गरि व्यापक रुपमा सूचना सम्प्रेशन/प्रकाशित गर्ने/गराउने तथा सो कार्यको लागि नगरपालिकाका बुद्धिजीवी, समाजसेवी, नगरिक अगुवाहरुलाई सहयोग र सहजिकरण गर्न अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ३: प्रस्ताव नं.३ मा उल्लेखित प्रस्ताव कार्यसूचीमा चढी निर्णयार्थ पेश हुँदा जिल्ला सर्लाही साविक गा.वि.स.कविलासी वडा नं.१ हाल कविलासी नगरपालिका वडा नं.८ मा बस्ने अमिचन धोवीको नाति भोला धोवीको छोरा मोलवी धोवीको नाममा दर्ता कायम रहेको तपसिलका जग्गा कविलासी नगरपालिका वडा नं.८ मा अवस्थित मदरसा समाजिक कल्याण संस्था (जि.प्र.का.स.दर्ता नं.२१४२ दर्ता मिति २०८२।१२।२०) लाई दान दिने भनि निज जग्गाधनीले यस कार्यालयमा निवेदन सहित जग्गाधनी दर्ता प्रमाण पूर्जा, संस्थाको प्रमाणपत्र र नक्सा सहित पेश गरेकोमा जग्गा पासको लागि सम्बन्धित निकायमा सिफारिस दिने निर्णय गरियो ।

तपसिल :

| जिल्ला | गा.वि.स. | वडा नं. | किता नं. | किसिम | क्षेत्रफल |
|---|---|---|---|---|---|
| सर्लाही | कविलासी | ३(क) | ५१२ | अब्बल | ०-१-२ |